बैठक संख्या:- ७३

बैठक मिति:- २०७९।१०।०३

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मिति:– २०७९।०९।१७

प्रस्ताव नं.- १

विषय:– **जिल्ला खेलकुद विकास समितिलाई सहयोग गर्ने सम्बन्धमा।**

१. विषय र विषयको संक्षिप्त व्यहोरा:

नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा पाँचथर जिल्लाका खेलाडीहरुलाई प्रतिनिधित्व गराउँदा खर्च भएको हुँदा आर्थिक सहायता गरिदिनुहुन भनी जिल्ला खेलकुद विकास समितिको च.नं. ७४, मिति २०७९/०५/२३ को अनुरोध पत्र पेश हुन आएको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:

सहयोग रकम माग भइ आएको। दिने नदिने निर्णय हुनुपर्ने। दिदा पनि संघसंस्थालाई आर्थिक सहायता शिर्षकबाट दिनुपर्ने स्थिति रहेको।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको राय:

नेपालको खेलकुद क्रमश: व्यवसायिकतातर्फ उन्मुख हुँदै गरेको अवस्थामा राष्ट्रिय खेलकुदमा सहभागितका लागी राष्ट्रिय खेलकुद परिषद्ले गरेको कार्य प्रशंसनीय छ। खेलकुदको माध्यमबाट अन्य जिल्ला एवं प्रदेशसँग सम्बन्ध विस्तार हुने र नगरको गौरवसमेत बढ्ने भएकोले खेलकुद कार्यक्रम प्रवर्धनका लागी कार्य गर्नुपर्ने देखिन्छ।

४. निर्णय हुनुपर्ने व्यहोरा:

नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा पाँचथर जिल्लाबाट खेलाडीहरुलाई प्रतिनिधित्व एवं प्रशिक्षण गराउँदा भएको खर्चको सम्बन्धमा जिल्ला खेलकुद विकास समितिले पेश गरेको बिलभर्पाईको आधारमा विभिन्न व्यक्ति तथा संघसंस्थालाई आर्थिक सहायता शिर्षकमा रहेको रकमबाट अक्षरेपी एकलाख मात्र आर्थिक सहायता जिल्ला खेलकुद विकास समिति,पाँचथरलाई उपलब्ध गराउने।

बैठक संख्या:- ७३

बैठक मितिः- २०७९।१०।०३

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।२९

प्रस्ताव नं.- २

विषयः– **बाह्रौ फिदिम नगर सभामा लैजानुपर्ने प्रस्तावहुरु र मौज्दात रहेको बजेट सम्बन्धमा।**

१. विषय र विषयको संक्षिप्त व्यहोराः

नेपालको संविधानको भाग १८ मा स्थानीय व्यवस्थापिकाको व्यवस्था छ ।संविधानत: संविधानको अधीनमा रही स्थानीय तहको व्यवस्थापिकिय अधिकार गाउँ सभा वा नगरसभामा निहित हुन्छ । फिदिम नगरपालिकाका प्रमुखले फिदिम नगरपालिकाको १२ औं नगरसभा यही माघ ०५ गतेका लागि आव्हान गर्नुभएको छ । यसबारे सभाका सदस्यहरूलाई जानकारी गराईएको र सहभागीताको व्यवस्था मिलाई सकिएको छ। स्थानीय सरकार सञ्चालन ऐनको दफा १९ मा सभाको बैठक र कार्यप्रणालीको व्यवस्था छ। सभामा पेश गरिने प्रस्तावहरुबारे निर्णय लिनुपर्ने हुन्छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

नगर सभा सञ्चालनको सम्बन्धमा प्रदेश सरकार , प्रदेश नं. १ ले "गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन,२०७५" जारी गरेको छ। सभा सञ्चालन र सभामा पेश गरिने प्रस्तावका सम्बन्धमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८ ले समेत मार्गदर्शन प्रदान गरेका छन्।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

चालु आ.व. को लागी स्वीकृत भएको वार्षिक विकास कार्यक्रमअनुसारका योजनाहरु नगरवासीको माग, आवश्यकता र प्राथमिकताको आधारमा संशोधन गर्नुपर्ने देखिएको हुँदा सोको प्रस्ताव कार्यपालिकाबाट स्वीकृत गरी यही २०७९ माघ ०५ गते आह्वान भएको बाह्रौ नगर सभामा पेश गर्नुपर्ने भएकोले । यस्तै, आ.व. ०७८/०७९ मा बचत भई मौज्दात कायम बजेटको उपयोग गर्न कार्यक्रमहरु प्रस्ताव गरी पारितका लागी १२ औं फिदिम नगरसभासमक्ष पेश गर्नुपर्ने भएको।

४ .निर्णय हुनुपर्ने व्यहोरा:

क) मिति २०७९ माघ ०५ गते आव्हान गरिएको १२ औं फिदिम नगरसभा सञ्चालनका लागी यसैसाथ संलग्न कार्यसूची स्वीकृत गर्ने।

ख) फिदिम नगरपालिकाको २०७९/०८० को लागि स्वीकृत वार्षिक विकास कार्यक्रममा भएको योजनाहरु आवश्यकता एवं प्राथमिकताको आधारमा संशोधन गर्ने र आ.व. ०७८/०७९ मा बचत भई मौजदात कायम बजेटको उपयोग गर्न कार्यक्रमहरु रहेको यसैसाथ संलग्न प्रस्ताव पारित हुनका लागि १२ औं फिदिम नगरसभासमक्ष पेश गर्ने

ग) विधायन समितिबाट सिफारिस भएको "फिदिम प्रज्ञा प्रतिष्ठान विधेयक,२०७९" को मस्यौदा बाह्रौ फिदिम नगरसभामा पेश गर्ने

घ) १२ औं फिदिम नगरसभा व्यवस्थापनका लागि फिदिम नगरकार्यपालिकाको कार्यालयका कर्मचारीहरुले आवश्यक काम गर्नुपर्ने भएकोले मिति २०७९/०९/०५ गते एक(१) दिन कार्यालयबाट प्रवाह गरिने अत्यावश्क सेवा (फोहरमैला र दमकल) बाहेकका सबै सेवाहरु स्थगन गर्ने।

अनुसूची-१
(ऐनको दफा १८ सँग सम्बन्धित)
फिदिम नगरपालिका
बाह्रौ नगरसभा कार्यसूची र समयतालिका

**बैठक संख्या** : १२
**स्थानः** फिदिम नगरपालिकाको सभाहल
**मितिः** २०७९ माघ ०५ गते
**अध्यक्षताः** नगरप्रमुख श्री मित्र प्रसाद काफ्ले

| क्र.सं. | बैठक बस्ने समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| १ | दिउँसोको ११:०० बजेदेखि १२:०० बजेसम्म | सभासदस्यहरुको नामदर्ता | सचिवबाट | |
| २ | दिउँसो १२:०१ बजेदेखि १२:०५ बजेसम्म | सभाध्यक्षको आगमन तथा राष्ट्रिय धुन | | |
| ३ | दिउँसो १२:०५ बजेदेखि १६:०६ बजेसम्म | शहिदहरुप्रति १ मिनेट मौन धारण | सभाअध्यक्ष | |
| ४ | दिउँसो १२:०७ बजे | नगर सभा बैठक शुरु भएको घोषणा | सभाअध्यक्ष | |
| ५ | दिउँसो १२:०८ बजेदेखि १२:३० सम्म | फिदिम नगरपालिकाको आर्थिक वर्ष २०७८/२०७९ को अन्त्यमा मौज्दात हुन आएको बजेट तथा कार्यक्रम र चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट संशोधनको प्रस्ताव प्रस्तुत | उप प्रमुख श्री राधाकृष्ण न्यौपाने | |
| ६ | दिउँसो १२:३१ बजेदेखि १२:३५ बजेसम्म | फिदिम नगर प्रतिष्ठान विधेयक २०७९ को प्रस्ताव प्रस्तुत | विधायन समितिका संयोजक श्री रुपेन्द्र तामाङ | |
| ७ | दिउँसो १२:३५ देखि बजेदेखि १३:३० सम्म | सभाअध्यक्षबाट सभाको स्थगन | सभाअध्यक्ष | |
| ८ | दिउँसो १३:३१ | सभाअध्यक्षबाट सभाको प्रारम्भ | सभाअध्यक्ष | |
| ९ | दिउँसो १३:३२ बजेदेखि १३:३७ बजेसम्म | फिदिम नगरपालिकाको आर्थिक वर्ष २०७८/२०७९ को अन्त्यमा मौज्दात हुन आएको बजेट तथा कार्यक्रम र चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट संशोधनमाथि छलफलमा भाग लिने सदस्यको नाम टिपाउने | सभाअध्यक्ष | |
| १० | दिउँसो १३:३८ बजेदेखि १३:५०बजेसम्म | फिदिम नगरपालिकाको आर्थिक वर्ष २०७८/२०७९ को अन्त्यमा मौज्दात हुन आएको बजेट तथा कार्यक्रम र चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट संशोधनमाथि छलफल | | |
| ११ | दिउँसो १३:५१ बजेदेखि १४:००बजेसम्म | फिदिम नगरपालिकाको आर्थिक वर्ष २०७८/२०७९ को अन्त्यमा मौज्दात हुन आएको बजेट तथा | प्रस्तुतकर्ता नगर उपप्रमुख श्री राधाकृष्ण न्यौपानेद्वारा जवाफ | |

| | | | | |
|---|---|---|---|---|
| | | कार्यक्रम र चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट संशोधनमाथि छलफलमा उठेका विषयमा जवाफ | | |
| १२ | दिउँसो १४:०१ बजेदेखि १४:०५ बजेसम्म | फिदिम नगरपालिकाको आर्थिक वर्ष २०७८/२०७९ को अन्त्यमा मौज्दात हुन आएको बजेट तथा कार्यक्रम र चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट संशोधन सभासमक्ष निर्णयार्थ प्रस्तुत | सभाअध्यक्ष | |
| १३ | दिउँसो १४:०६ बजेदेखि १४:१० बजेसम्म | फिदिम नगर प्रज्ञा प्रतिष्ठान विधेयक २०७९ माथि छलफलमा सहभागी हुन चाहने सदस्यहरुको नाम टिपाउने | सभाअध्यक्ष | |
| १४ | दिउँसो १४:११ बजेदेखि १४:२५ बजेसम्म | फिदिम नगर प्रज्ञा प्रतिष्ठान विधेयक २०७९ माथि छलफल | सभाअध्यक्ष | |
| १५ | दिउँसो १४:२५ बजेदेखि १४:३० बजेसम्म | फिदिम नगर प्रज्ञा प्रतिष्ठान विधेयक २०७९ मा उठेको प्रश्नको जवाफ | विधायन समितिका संयोजक श्री रुपेन्द्र तामाङ | |
| १६ | दिउँसो १४:३१ बजेदेखि १४:३५ बजेसम्म | फिदिम नगर प्रज्ञा प्रतिष्ठान विधेयक २०७९ सभा समक्ष निर्णयार्थ प्रस्तुत | सभाअध्यक्ष | |
| १७ | दिउँसो १४:३६ बजेदेखि १४:४० बजेसम्म | गाउँ सभा र नगरसभा सञ्चालन ऐन,२०७५ को दफा ३६(१) बमोजिम अर्थ तथा सार्वजनिक लेखा समितिको गठन सम्बन्धी प्रस्ताव प्रस्तुत | सभा सदस्य श्री नरेन्द्र गुरुङ | |
| १८ | दिउँसो १४:४१ बजेदेखि दिउँसो १४:४५ बजेसम्म | गाउँ सभा र नगरसभा सञ्चालन ऐन,२०७५ को दफा ३६(१) बमोजिम अर्थ तथा सार्वजनिक लेखा समितिको गठन सम्बन्धी प्रस्तमव सभा समक्ष निर्णयार्थ प्रस्तुत | सभाअध्यक्ष | |
| १९ | दिउँसो १४:४५ बजेदेखि दिउँसो १४:५५ बजेसम्म | सभाअध्यक्षको मन्तव्य सहित बाह्रौं नगरसभा अन्त्य | सभाअध्यक्ष | |

बैठक संख्याः- ७३

बैठक मितिः- २०७९।१०।०३

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।२९

प्रस्ताव नं.- ३

विषयः– **फिदिम बजार, वडा नं. १ भित्र सरसफाई गर्दा लागेको खर्चको सम्बन्धमा।**

१. विषय र विषयको संक्षिप्त व्यहोराः

मर्मत, संभार, संरक्षण, सरसफाई र संवर्द्धवनको अवस्थामा पुगेका फिदिम नगरपालिका वडा नं. ०१ का विभिन्न सडकहरुको मर्मत एवं सफाई गरी समुदायलाई आवश्यक पर्ने स्थानीय सडकको न्यूनतम सुविधालाई निरन्तर/सुचारु गरिदिनुहुन भनी फिदिम नगरपालिका, वडा नं. १ को कार्यालयबाट अनुरोध भएको।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

रकम विनियोजन हुनका लागी सरसफाई गर्नुपर्ने अवस्थामा रहेका सडक/बाटोहरुको नाम, बाटा एवं सडकको लम्बाई-चौँडाई र गर्नुपर्ने कामको विवरण समेत खुलाई प्राविधिक लागत स्टिमेट सहित अनुरोध भएको।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

स्थानीय महत्वका स्थानीय मोटरबाटोको नियमित र निरन्तर सरसफाई गरी संविधानले स्थानीय सरकारलाई दिएको अधिकारक्षेत्रको सही र भरपूर उपयोग गर्न एवं जनताको घरदैलोमा नै सरकारको उपस्थितिको अनुभुति गराउन। आगामी आ.व. बाट नियमित रुपमा गर्नुपर्ने र आकस्मिक रुपमा गर्नुपर्ने सडक सरसफाई एवं मर्मतको कार्य यकिन गरी कार्यसम्पादन गर्ने स्थापित पद्धतिको विकास गर्ने।

४. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगरपालिकाका देहायअनुसार वडाहरुका विभिन्न कच्ची सडक एवं बाटाहरुको मर्मत एवं सफाई गर्न प्राविधिक लागत स्टिमेटअनुसार लाग्ने देहायअनुसार रकम सडक स्तरोन्नती तथा सुधार विस्तार शिर्षकमा व्ययभार पर्ने गरी विनियोजन गर्ने र सडक मर्मत एवं सफाईको कार्य गर्ने/गराउने।

क) वडा नं. ०१, अक्षरेपी रु. चारलाख (४,००,०००/-) रुपैँया मात्र।

ख) वडा नं. ७, अक्षरेपी रु. दुईलाख (२,००,०००/-) रुपैँया मात्र।

ग) वडा नं. ११, अक्षरेपी रु. (२,००,०००/-) रुपैँया मात्र।

वैठक संख्याः- ७३

बैठक मितिः- २०७९।१०।०३

प्रस्ताव पेश गर्ने अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।२९

प्रस्ताव नं.- ४

विषयः– **अर्थ तथा सार्वजनिक लेखा समितिको गठन गर्ने सम्बन्धमा।**

१. विषय र विषयको संक्षिप्त व्यहोराः

कार्यपालिकालाई सभामार्फत जनता प्रति उत्तरदायी बनाउन र कार्यपालिकाका काम कारबाहीको निरन्तर निगरानी गर्न सभाद्वारा विषयगत समितिहरु गठन गर्न सकिने व्यवस्था प्रदेश सरकार, प्रदेश नं. १ बाट जारी गाउँ तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ मा रहेको। सोअनुसार फिदिम नगरपालिका, अर्थ तथा सार्वजनिक लेखा समिति गठनको प्रस्ताव बाह्रौ फिदिम नगरसभामा पेश गर्न निर्णय लिनुपर्ने ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

फिदिम नगरपालिकाको सार्वजनिक खर्च सञ्चालनको सम्बन्धमा कार्यप्रभावकारीताको कमी भएमा तिनको कारण एवं प्रमाणहरुको खोजी एवं चासो राख्नुका साथै सो सम्बन्धमा कार्यपालिकालाई आवश्यक निर्देशन दिने, निर्देशन बमोजिम कार्यसम्पादन भए नभएको निगरानी राख्न अर्थ तथा सार्वजनिक लेखा समितिको गठन गर्नुपर्ने हुन्छ। यस्तै महालेखापरिक्षकले औल्याएको बेरुजु फर्छ्यौट र त्यस उपर छानबिनका कार्यहरु गर्न समेत समितिको गठन अपरिहार्य हुन्छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

आर्थिक प्रशासन र लेखा प्रणालीमा पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासन कायम राख्न सभाद्वारा समितिको गठन हुनका लागी प्रस्ताव पेश गर्नुपर्ने भएकोले। समितिको काम,कर्तव्य र अधिकारको दायरलाई स्पष्ट गर्न समितिको कार्यसञ्चालन कार्यविधि तय गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ।

४. निर्णय हुनुपर्ने व्यहोराः

प्रदेश सरकार, प्रदेश नं. १ बाट जारी गाउँ तथा नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५को दफा ३६ र सोही ऐनको दफा ३८ (३) बमोजिम फिदिम नगरपालिका, अर्थ तथा सार्वजनिक लेखा समिति देहायअनुसार गठन गर्न बाह्रौ फिदिम नगरसभामा प्रस्ताव पेश गर्ने।

**देहायः**

**क) संयोजकः** नगर उपप्रमुख श्री राधाकृष्ण न्यौपाने
**ख) सदस्यः** वडाअध्यक्ष, ११ नं. वडा, श्री राजन्द्र थापा
**ग) सदस्यः** वडाअध्यक्ष, १३ नं. वडा, श्री दिल कुमार नेम्बाङ
**घ) सदस्यः** कार्यपालिका सदस्य श्री शारदा पोखरेल आङदेम्बे
**ङ) सदस्यः** कार्यपालिका सदस्य श्री निर बहादुर विश्वकर्मा
**च) सचिवः** शाखा प्रमुख, आ.ले.प. शाखा, फिदिम नगरकार्यपालिकाको कार्यालय

वैठक संख्याः- ७३

बैठक मितिः- २०७९।१०।०३

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।२९

प्रस्ताव नं.- ५

विषयः– **कञ्चनजंघा टि स्टेट एण्ड रिसर्च सेन्टर प्रा.लि.,पाँचथरलाई पेश्की रकम उपलब्ध गराउने सम्बन्धमा।**

१. विषय र विषयको संक्षिप्त व्यहोराः

प्रदेश सरकार, प्रदेश नं.१ को नवप्रवर्तन साझेदारी कोषअन्तर्गत **अर्गानिक भुईस्याँउ तथा अदुवा उत्पादन, प्रशोधन र बजारीकरण कार्यक्रम**का लागी फिदिम नगरपालिका र कंचनजंघा टि स्टेट एण्ड रिसर्च सेन्टर प्रा.लि. बीच सार्बजनिक निजि साझेदारीको अवधारणामा कार्य गर्न गराउन मिति २०७९/०३/०५ मा सम्झौता भएको। उक्त कार्यक्रम सञ्चालनको सम्बन्धमा कंचनजंघा टि स्टेट एण्ड रिसर्च सेन्टर प्रा.लि ले सञ्चालक समितिको निर्णय संलग्न राखी सम्झौताअनुसार नगरपालिकाले व्यहोर्नुपर्ने कुल रकमको ५०% रकम पेश्की प्रा.लि. को च.नं. ९० मिति २०७९/०७/३० को पत्रबाट माग गरेको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

कार्यक्रम कार्यान्वयनका लागी आवश्यक मेसिन तथा उपकरणहरु विदेशबाट समेत खरिद गर्नुपर्ने भएको र विविध कारणले सिर्जित आर्थिक विषमताका कारण तोकिएको समयमा कार्यक्रम सम्पन्न गर्न रकम अभाव भएकोले पेश्की रकम उपलब्ध गराईदिनुहुन भनी अनुरोध भएको। भुई स्याउ धुने उपकरण, भुईस्याँउ प्रशोधन मेसिन, सरसफाई मेसिन, पानी ट्रिटमेन्ट उपकरण, ईलेक्ट्रिक ड्रायर उपकरण, दाउरा बाल्ने हिटर लगायतका विद्युतीय उपकरणहरुको बन्दोबस्ती गर्न पेश्की माग भएको देखिन्छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

सार्वजनिक निजी साझेदारीको अवधारणमा अगाडी सारिएका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागी सहज वातावरणको सिर्जना गरी नगरको आर्थिक समृद्धिमा योगदान पुर्याउनु पर्ने भएकोले।

४. निर्णय हुनुपर्ने व्यहोराः

प्रदेश सरकार, प्रदेश नं.१ को नवप्रवर्तन साझेदारी कोषअन्तर्गत **अर्गानिक भुईस्याँउ तथा अदुवा उत्पादन, प्रशोधन र बजारीकरण कार्यक्रम**का लागी फिदिम नगरपालिका र कंचनजंघा टि स्टेट एण्ड रिसर्च सेन्टर प्रा.लि. बीच मिति २०७९/०३/०५ मा भएको सम्झौताअनुसारको कार्य तोकिएको समयभित्र नै सम्पन्न गर्न/गराउनका लागी अर्गानिक भुईस्याँउ तथा अदुवा उत्पादन, प्रशोधन र बजारीकरण परियोजना शिर्षकमा भएको विनियोजनबाट खर्च लेख्ने गरी अक्षरेपी रु बीसलाख मात्र (२०,००,०००/-) मात्र पेश्की कंचनजंघा टि स्टेट एण्ड रिसर्च सेन्टर प्रा.लि.,पाँचथरलाई उपलब्ध गराउन कार्यालयलाई निर्देश गर्ने।

बैठक संख्या:- ७३

बैठक मिति:- २०७९।१०।०३

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।२९

प्रस्ताव नं.- ६

विषयः– विविध(क)

- **नगरप्रमुखबाट भएको अन्तरजिल्ला भ्रमणको अनुमोदन।**

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

फिदिम नगरपालिकाका प्रमुख श्री मित्र प्रसाद काफ्लेज्यूले प्रचलित कानुनअनुसार भ्रमण आदेश स्वीकृत गरी गत असोज १६ को मिति २०७९ असो १६ गते देखि २०७९ असोज १९ सम्म फिदिम नगरपालिका,पाँचथरबाट झापा हुँदै विराटनगरसम्म र मिति २०७९ पौष ०३ गतेदेखि २०७९ पौष १२ गतेसम्म काठमाडौँसम्मको भ्रमण गर्नुभएको छ। तीन दिनभन्दा बढी दिनको लागि स्वीकृत भ्रमण आदेशलाई कार्यपालिकाको बैठकबाट अनुमोदन गर्नुपर्ने हुन्छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नुपर्ने व्यवस्था रहेको छ।

३. पेश गर्नुपर्ने कारण र शाखाको रायः

नगर प्रमुखले तीन दिनसम्मको भ्रमण आदेश स्वयंले स्वीकृत गर्न सक्ने र सोभन्दा बढी दिनको भ्रमण आदेशको लागी कार्यपालकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नुपर्ने व्यवस्था रहेको।

४. निर्णय हुनुपर्ने व्यहोराः

फिदिम नगरपालिकाका प्रमुखले गर्नुभएको देहायअनुसारको भ्रमण प्रदेश सरकार,प्रदेश नं. १ बाट जारी भएको गाउँ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ८ अनुसार भ्रमण अनुमोदन गर्ने निर्णय भयो।

| क्र.सं. | मिति | | स्थान | | कैफियत |
|---|---|---|---|---|---|
| | देखि | सम्म | बाट | सम्म | |
| १. | २०७९/०६/१६ | २०७९/०६/१९ | फिदिम | विराटनगर | झापा हुँदै विराटनगर |
| २. | २०७९/०९/०३ | २०७९/०९/१२ | फिदिम | काठमाडौँ | |

वैठक संख्या:- ७३

बैठक मितिः- २०७९।१०।०३

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।२९

प्रस्ताव नं.- विविध(ख)

**विषय: वाख्रा प्रवर्द्धन तथा वजारिकरण कार्यक्रम संचालन सम्वन्धमा ।**

१. **विषय र विषयको संक्षिप्त व्यहोरा:**

आ व २०७९/०८० का लागि शसर्त अनुदानतर्फ मासुमा आत्मनिर्भरताका लागि वाख्रा प्रवर्द्धन तथा वजारिकरण कार्यक्रम संचालन गर्न सहायक स्तर चौथो भेटेरिनरि प्राविधिक( सामाजिक परिचालक) १ जना करार सेवामा नियुक्त गर्न आवश्यक प्रकृया थालनिको लागि निर्णय गर्नु पर्ने।

२. **प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा:**

खसि वोकामा आत्मनिरभरता कार्यक्रम संचालनका लागि करार सेवामा नियुक्त भएका सामाजिक परिचालक लाई स्थानीय निकायले सशर्त वजेटबाट निरन्तरता दिन प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तिय हस्तान्तरित पशु पन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्वन्धि कार्यविधि -२०७९मा व्यवस्था भएको र कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न सामाजिक परिचालक १ जना करार सेवामा नियुक्त गर्नु आवश्यक भएको ।

३. **प्रस्ताव पेश गर्नु पर्ने कारण र शाखाको राय:**

उक्त कार्यक्रम संचालन गर्न विगतमा खसि वोकामा आत्मनिरभरता कार्यक्रम संचालनका लागि करार सेवामा नियुक्त भएका सामाजिक परिचालक लाई स्थानीय तहले सशर्त वजेटबाट निरन्तरता दिन प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तिय हस्तान्तरित पशु पन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्वन्धि कार्यविधि -२०७९मा व्यवस्था भएको

४. **निर्णय हुनु पर्ने व्यहोरा:**

आ.व. २०७९/८० को शर्त अनुदानतर्फ मासुमा आत्मनिर्भरताका लागि वाख्रा प्रवर्द्धन तथा बजारीकरण कार्यक्रम संचालन गर्न आवश्यक सामाजिम परिचालक एक जना फिदिम नगरपालिकामा प्राविधिक जनशक्ति व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७६ अनुसार व्यवस्थापन गर्न कार्यालयलाई निर्देश गर्ने।

बैठक संख्या:- ७३

वैठक मिति:- २०७९/१०/०३

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः–२०७९/०९/२९

प्रस्ताव नं.- विविध (ग)

विषयः– **सडक बोर्ड नेपालसँगको लागत साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्न वार्षिक कार्यक्रम स्वीकृत गर्ने।**

१. विषय र विषयको संक्षिप्त व्यहोराः

आ.व. २०७९/०८० मा यस नगरपालिकाको स्थानीय सडक मर्मत सम्भार कार्यको लागि रु. ५८,००,०००/(अक्षरेपी अठसठ्ठी लाख मात्र) बजेट स्वीकृत भएको व्यहोरा सडक बोर्ड नेपाल, काठमाडौँको च.नं. ६८५, मिति २०७९।०९।१३ को पत्रबाट लेखि आएको छ। बोर्डबाट विनियोजित बजेट र सडक सडक बोर्ड नियमावली २०६० को परिच्छेद (३) नियम (९) बमोजिम यस पालिकाले व्यहोर्नु पर्ने समपुरक रकम समेत समावेश गरी ढिलोमा माघ मसान्त भित्र वार्षिक कार्यक्रम स्वीकृत गरी सहमतिका लागि बोर्ड समक्ष पेश गर्नुपर्ने भनिएको छ। सडक बोर्ड नेपालसँग साझेदारी गरी कार्यक्रम कार्यान्वयन गर्न प्रथमतः वार्षिक कार्यक्रम स्वीकृत गर्नुपर्नेछ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

सडक बोर्ड नियमाबली,२०६० को परिच्छेद ३ को नियम ९ **"स्थानीय निकायले रकममा हिंस्सेदारी गर्नुपर्ने"** को उपनियम १ मा कुनै स्थानिय निकायको क्षेत्रभित्र पर्ने सडकको मर्मत सम्भारको लागि बोर्डबाट रकम छुट्याउँदा सो कार्यको लागि लाग्ने कुल रकमको नगरपालिकाको हकमा कम्तीमा तीस प्रतिशत बराबरको रकम व्यहोर्नुपर्नेछ भन्ने व्यवस्था रहेको ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको राय :

बोर्डबाट सहमति लिए पश्चात मात्र पूर्ण जिम्मेवारीका साथ मार्गदर्शनको अधीनमा रही कार्यक्रम सञ्चालन, सम्पादन र सम्पन्न गरी निकासा लिन सकिने भएकोले। सहमति लिन वार्षिक कार्यक्रम स्वीकृत गरी पेश गर्नुपर्ने भएकोले।

४. निर्णय हुनुपर्ने व्यहोराः

कार्यक्रम कार्यान्वयन गर्न लाग्ने कुल रकमको तीस प्रतिशत रकम फिदिम नगरपालिकाको समपुरक कोष (Matching Fund) बाट लागत/म्याचफण्ड व्यहोर्ने गरी सडक बोर्ड नेपाल, काठमाडौँसँग साझेदारी गर्न देहायका योजनाहरु रहेको वार्षिक कार्यक्रम ०७९/०८० स्वीकृत गर्ने र सहमतिका लागी सडक बोर्ड नेपाल, काठमाडौँमा पेश गर्ने।

## सडक बोर्ड नेपाल संगको लागत साझेदारीमा संचालन गर्न स्वीकृत कार्यक्रम (आ.ब. २०७९/८०)

| क्र.स. | खर्च शीर्षक | शिर्षक | ठेगाना | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३११५१ | फेमेखोला साघुबोटे जाने सडक स्तरन्नती | फिदिम १ | ४००००० | |
| २ | ३११५१ | कारागार जाने सडक स्तरन्नती | फिदिम १ | २००००० | |
| ३ | ३११५१ | त्रिकोण सडक मजिटे मोटर बाटोस्तरन्नती | फिदिम २ | २००००० | |
| ४ | ३११५१ | मुस्कान चोकबाट बसपार्क जोड्ने पुरानो बाटो मर्मत सुधार | फिदिम २ | २००००० | |
| ५ | ३११५१ | बडा कार्यालय देखी इनद्रेणी झरना सम्मको सडक स्तरन्नती | फिदिम ३ | ४००००० | |
| ६ | ३११५१ | आनन्देचोक देखी डाडागाउँ तुम्बापो चोकसम्म जाने मोटरबाटो स्तरउन्नती | फिदिम ४ | ४००००० | |
| ७ | ३११५१ | भदौरे तिलबारी सडक स्तरउन्नती | फिदिम ५ | ४००००० | |
| ८ | ३११५१ | सहरी स्वास्थ्य चौकी पुच्छार गाँउ हुँदै सिवाखोला सडक स्तरउन्नती | फिदिम ६ | ८००००० | |
| ९ | ३११५१ | वागपानी बजारगाँउ हुँदै घिसिडटार सडक स्तरउन्नती | फिदिम ६ | ४००००० | |
| १० | ३११५१ | लप्सीबोटे तल्लो हाम्फाबुङ सडक स्तरउन्नती | फिदिम ७ | ८००००० | |
| ११ | ३११५१ | तमाखे राघेथान वाँस्बोटे मोटरबाटो स्तरउन्नती | फिदिम ८ | ४००००० | |
| १२ | ३११५१ | याङसिबुङ हेङकला मोटरबाटो स्तरउन्नती | फिदिम ९ | ५००००० | |
| १३ | ३११५१ | पिपलबोटे डाँडागाउँ काभ्राबोटे मालवासे मोटरबाटो स्तरउन्नती | फिदिम ११ | ४००००० | |
| १४ | ३११५१ | मिलडाँडा बुधुक वयक मोटरबाटो स्तरउन्नती | फिदिम १२ | ४००००० | |
| १५ | ३११५१ | डेरीबजार बिचको ठाडो बाटो स्तरउन्नती | फिदिम १२ | ४००००० | |
| १६ | ३११५१ | दुललगाँउ दाहालगाँउ मालवासे साविक ५ सडक स्तरउन्नती | फिदिम १२ | ४००००० | |
| १७ | ३११५१ | बोदाम गुर्दुम पाखागाँउ सडक स्तरउन्नती | फिदिम १३ | ४००००० | |
| १८ | ३११५१ | कोलबोटे फुल्पा बजार सडक स्तरउन्नती | फिदिम १४ | ४४०००० | |
| | | कुल जम्मा | | ७५४०००० | |

बैठक संख्याः- ७३

बैठक मितिः- २०७९।१०।०३

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।२९

प्रस्ताव नं.- विविध(घ)

विषयः– **बाल विकास केन्द्रको स्थापना एवं विद्यालयहरुको कक्षा थप अनुमति सम्बन्धमा।**

१.विषयवस्तुको संक्षिप्त व्यहोराः

बाल विकास केन्द्र सञ्चालन र कक्षा थप गर्नको लागि व्यवस्थापन समिति एवं विद्यालयहरुबाट प्राप्त आवेदन र सोसम्बन्धमा फिदिम नगरपालिका, नगर शिक्षा समितिले गरेको सिफारिस उपर कारबाही/निर्णय गर्नुपर्ने भएको।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

रितपूर्वक सञ्चालनमा रहेका विद्यालयहरुबाट थप कक्षा सञ्चालनको अनुमति माग भएको हो। कक्षा थप गर्न चाहने विद्यालयहरुले शैक्षिक सत्र सुरु हुनुभन्दा २ महिना अगावै अनुमतिका लागि निवेदन पेश गर्नुपर्ने व्यवस्था फिदिम नगरपालिकाको शिक्षा नियमावली,२०७७ मा रहेको छ। स्थलगत निरीक्षण गर्दा कक्षा थपका लागि तोकिएको पूर्वाधार/मापदण्ड पूरा भएको देखिन आएमा शिक्षा समितिको सिफारिसमा कार्यपालिकाको बैठकले कक्षा थपको अनुमति दिन सक्ने व्यवस्था रहेको छ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

कक्षा थप अनुमतिका लागि आवेदन पेश गर्ने विद्यालयहरुको मागअनुसार कक्षा थप हुनका लागि शिक्षा समितिको मिति २०७९ पौष २४ को बैठकको निर्णानुसार सिफारिस भई आएको। शैक्षिक सत्र सुरु हुनु अगावै कक्षा थप अनुमति प्रदान गर्नुपर्ने भएको।

४. निर्णय हुनुपर्ने व्यहोराः

शैक्षिक सत्र २०७९ देखि देहायअनुसार बाल विकास केन्द्रको सञ्चालन एवं विद्यालयहरुको कक्षा थप गर्न सम्बन्धितलाई अनुमति प्रदान गर्ने।

| सि.नं. | बाल विकास केन्द्र/विद्यालयको नाम र ठेगाना | व्यवस्थापक/प्रबन्धक/ प्रधानाध्यापकको नामथर | नयाँ सञ्चालन एवं थप गर्न चाहेको कक्षा | कैफियत |
|---|---|---|---|---|
| १. | सुकेपोखरी बाल विकास केन्द्र, फिदिम १४ | मदन कुमार राई | - | नयाँ सञ्चालन |
| २. | ब्लुमिङ फ्लावर ईङलिस स्कुल, फिदि ०८ | डिक बिर गुरुङ | कक्षा ८ | कक्षा थप |
| ३. | समता स्कुल, फिदिम ०२ | बिनु शेर्पा | कक्षा ७ | कक्षा थप |
| ४. | मदरगण स्कुल एण्ड मण्टेश्वरी, फिदिम ०१,पाँचथर | अस्मिता योङहाङ | कक्षा ७ | कक्षा थप |

बैठक संख्याः- ७३

बैठक मितिः- २०७९।१०।०३

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।२९

प्रस्ताव नं.- विविध (ङ)

विषयः– **प्रमुख प्रशासकीय अधिकृतको काज सरुवा स्थगन हुनका लागी अनुरोध गर्ने सम्बन्धमा ।**

१. विषय र विषयको संक्षिप्त व्यहोराः

फिदिम नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री गणेश प्रसाद दाहालज्यूलाई मेची नगरपालिकामा कामकाज गर्न खटाईएको भनी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ९७३ मिति २०७९/०९/२८ को पत्र प्राप्त भएको। उच्च कार्यकौशल एवं दक्षतासहित प्रशासनिक नेतृत्व सम्हाल्नु भएका निज प्रमुख प्रशासकीय अधिकृतको खाँचो आगामी दिनमा समेत रहेको ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

कामकाज गर्न खटाईएका प्रमुख प्रशासकीय अधिकृतको मिति २०८०/०१/१४ गते अनिवार्य अवकाश हुने व्यहोरा कार्यालयमा रहेको अभिलेखबाट देखिन्छ ।

३. प्रस्ताव पेश गर्नुपर्ने कारण र शाखाको रायः

राजनैतिक नेतृत्व र समुदायसँगको सुमधुर सम्बन्धका लागी निज प्रमुख प्रशासकीय अधिकृतले निष्पक्ष, पारदर्शी र समन्वयकारी भूमिका निर्वाह गर्नुभएको । आफ्नो पदीय दायित्वमा रहँदा निजको उच्च कार्यकौशल एवं दक्षताले व्यवस्थापन सुदृढीकरण र सुधारका लागी भएको प्रयत्नले फिदिम नगरपालिकाको विकास, समृद्धि र अग्रगमनमा योगदान पुगेको । नगरकार्यपालिकाको कार्यालयमा रहेका कर्मचारीहरुलाई कुशल अभिभावकत्व प्रदान गरी व्यवस्थित र पारदर्शी कार्यवातावरण सृजना गर्नुभएका गर्नुभएका निज प्रमुख प्रशासकीय अधिकृतको प्रशासनिक नतृत्व कार्यालयलाई आगामी दिनमा समेत आवश्यक रहेको ।

४. निर्णय हुनुपर्ने व्यहोराः

यस नगरपालिका, नगरकार्यपालिकाको कार्यालयमा कामकाज गर्दै आउनु भएका नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित द्वितीय श्रेणीका प्रमुख प्रशासकीय अधिकृत श्री गणेश प्रसाद दाहालज्यूलाई सोही सेवा, समूह,श्रेणी र पदमा हुने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ९७३, मिति २०७९/०९/२८ को पत्रानुसार मेची नगरपालिका, झापामा कामकाज गर्न खटाईएकोमा निजको काज सरुवा हाललाई स्थगन गरी यस नगरपालिकामा नै रहने व्यवस्था हुनका लागी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौँलाई अनुरोध गर्ने ।

बैठक संख्याः- ७३

बैठक मितिः- २०७९।१०।०३

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः– २०७९।०९।२९

प्रस्ताव नं.- विविध(च)

विषयः– **नवप्रवर्तन साझेदारी कोषअन्तर्गतको सञ्चालित कार्यक्रममा थप क्रियाकलाप समावेश गर्ने सम्बन्धमा।**

१. विषयवस्तुको संक्षिप्त व्यहोराः

फिदिम नगरपालिकाले सार्वजनिक सेवाको सुदृढीकरणका लागी एकीकृत सफ्टवेयर र आर्थिक विकासअन्तर्गत **अर्गानिक भुईस्याँउ तथा अदुवा उत्पादन, प्रशोधन र बजारीकरण कार्यक्रम** र **मोबाईल एम्पिकेशन तथा कम्प्युटर सफ्टवेयर निर्माण** कार्यक्रमको प्रस्तवा पेश भई नवप्रवर्तन साझेदारी कोष, प्रदेश कार्यक्रम कार्यान्वयन इकाई, प्रदेश नं. १ बाट स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको। हाल कार्यक्रमअन्तर्गत केही क्रियाकलापहरु थप गर्न कार्यक्रम कार्यान्वयन समिति, फिदिम नगरपालिकाले सिफारिस गरेको छ।

२. प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुराः

कार्यान्वयनको चरणमा रहेको परियोजनामार्फत स्थानीय आर्थिक विकास र सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, दक्ष र प्रभावकारी बनाउन उपयोगमा ल्याउने नयाँ प्रविधि नयाँ ज्ञान, विधि, तौरतरिका, सीप र सिर्जनशील क्रियाकलापको सम्बन्धमा कार्यक्रम कार्यान्वयन समितिले आवश्यक अध्ययन विश्लेषण गरी सिफारिस गरेको देखिन्छ।

३. पेश गर्नुपर्ने कारण र शाखाको रायः

परियोजना र परियोजना कार्यान्वयनका लागी भएको समझदारीका सम्बन्धमा पुनरावलोकन, सामयिक सुधार एवं परिमार्जनमार्फत निर्देशिका अनुसार प्राप्त हुने अनुदानको उच्चतम् लाभ लिन र नगरको बृहत्तर हितको लागी प्रस्ताव पेश भएको

४. निर्णय हुनुपर्ने व्यहोराः

प्रदेश सरकार, प्रदेश नं.१ को नवप्रवर्तन साझेदारी कोषअन्तर्गत **अर्गानिक भुईस्याँउ तथा अदुवा उत्पादन, प्रशोधन र बजारीकरण कार्यक्रम** र **मोबाईल एम्पिकेशन तथा कम्प्युटर सफ्टवेयर निर्माण परियोजना** सञ्चालन गर्न मिति २०७९/०३/०५ मा भएको सम्झौतामा उल्लेख भएको कुल लागतमा थप व्ययभार नपर्ने गरी थप क्रियाकलापहरु समावेश गर्न कार्यक्रम कार्यान्वयन समिति, फिदिम नगरपालिकाले गरेको सिफारिस (यसैसाथ संलग्न) स्वीकृतिका लागी प्रदेश कार्यक्रम कार्यान्वयन ईकाई, प्रदेश नं. १ मा पेश गर्ने।